आज मिति २०८२/०७/३० गते आइतबारका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

उपस्थितिः

| क.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | ९८५७८२४७०६ | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | ९८६८६०८०३० | जयपुरी |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | ९८४९३५४५७९ | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | ९८५७८२४१४८ | |
| ५ | श्री ~~बल~~ बहादुर बुढामगर<br>मल्ल ब. बुढा का.वा. | सदस्य | ९८४१८७९४४८ | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | ९७४८७२०७५६ | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | ९८५७८६०३४४ | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | ९८५७८४२६७५ | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | ९८०६२३९७४८ | |
| १० | श्री ओसे कामी | सदस्य | ९८४४९०३९२० | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | ९८६६५०४५७५ | धनमाया |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | ९८६५५९४१५१ | जयकुमारी |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | ९८६८६७१४४० | |
| १४ | श्री इश्वरी प्रसाद गौतम | सदस्य सचिव | ९८५७८२४६०१ | |

आमन्त्रितः
श्री कृष्ण ब. घर्ति — नि. प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः

१. माडी प्रोजेक्ट संचालन सम्बन्धमा ।
२. राजीनामा सम्बन्धमा ।
३. शिक्षक दरबन्दी वितरण सम्बन्धमा ।
४. म्याद थप सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.१ प्रस्ताव नं. १ मा छलफल गर्दा यस माडी गाउँपालिकाले माडी प्रोजेक्ट संचालनको लागि विभिन्न प्रस्तावकहरुबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेको तर जेन्जी आन्दोलनले देशको अर्थतन्त्रमा क्षती - भएको हुदाँ उक्त कार्यक्रमको लागि विनियोजित भएको रकम अन्य आयोजनाहरुको कार्यान्वयनको अपुग - रकम आउदो हिउदे सभाबाट रकममान्तर गर्ने र सो माडी प्रोजेक्ट कार्यक्रम संचालन नगर्ने निर्णय गरियो।

निर्णय नं.२ प्रस्ताव नं. २ मा छलफल गर्दा यस माडी गाउँपालिकाको वडा नं.२ का वडा अध्यक्ष श्री ललित बहादुर घर्तीले राजिनामा स्वीकृतका लागि मिति २०८२/०७/२५ गतेका दिन राजिनामा दिएको हुदाँ उक्त राजीनामा अस्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.३ प्रस्ताव नं.३ मा छलफल गर्दा संघीय शिक्षण सिकाई अनुदानबाट श्री नेपाल राष्ट्रिय मा.वि आरुवालाई विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार एक जना माध्यामिक तहको विज्ञान, गणित वा अग्रेजी मध्ये कुनै एउटा विषय तोकी विज्ञापन गर्न अनुमति दिने निर्णय गरियो।

निर्णय नं.४ प्रस्ताव नं.४ मा छलफल गर्दा सर्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० उपनियम २ (ग) बमोजिम पालिका अन्तर्गत पूर्वाधार तर्फको योजनाहरुको कार्य सम्पादन गर्नुपर्ने अन्तिम म्याद २०८२/०८/३० सम्म भएका योजनाहरुको कार्यसम्पादन गर्नुपर्ने म्याद २०८३/०३/२१ सम्मका लागि म्याद थप गर्ने निर्णय पारित गरियो ।

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

२०८२/०७/३०